जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक ३३४ • २०८२ असोज ६ गते सोमवार • 22 Sep. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




# अपाङ्गता भएका व्यक्तिहरुको जिवनमा सकारात्मक परिवर्तन

जलेश्वरटुडे समाचारदाता
धनुषा, ५ असोज

धनुषाको तीन पालिकामा सञ्चालित समावेशी जलवायु उत्थानशील सामुदायिक विकास परियोजनाले अपाङ्गता भएका व्यक्तिहरुको जिवनमा सकारात्मक परिवर्तन ल्याएको परियोजनाको सामाजिक परीक्षण कार्यक्रममा सहभागीहरुले बताएका छन् ।



अस्ट्रेलियन ऐड र सिविएमको आर्थिक एवम प्राविधिक सहयोगमा लाइफ नेपाल र अपाङ्ग समाज जनकपुरधामको सहकार्यमा सञ्चालित उक्त परियोजनाको आइतबार जनकपुरधाममा भएको सामाजिक परीक्षण कार्यक्रममा सहभागीहरुले धनुषाको जनकपुरधाम उपमहानगरपालिका, मिथिला विहारी नगरपालिका र औरही गाउँपालिकामा सो परियोजना सञ्चालन भएपछि अपाङ्गता भएका व्यक्तिहरुले आफनो अधिकारको बारेमा जानकारी प्राप्त गरी स्थानीयस्तरमा आफनो अधिकार खोजबिन गर्न थालेको बताएका थिए । सहभागीहरुले स्थानीयतहमा निर्माण हुने बजेट तथा कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रमहरु राख्न आफूहरुले दवाव दिने गरेको भन्दै विगतको तुलनामा अब धेरै सुधार भएको बताएका थिए ।

कार्यक्रममा सहभागी भएका अपाङ्गता भएका व्यक्ति विक्रु दासले जलवायु उत्थानशील सामुदायिक विकास परियोजना मार्फत जिविकोउर्पाजनका लागि लाइफ नेपालले उपलब्ध गराएको अनुदानले आफूहरुको जीवनमा आमुल परिर्वतन ल्याएको भन्दै यस प्रकारका कार्यक्रम स्थानीय सरकारमार्फत सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सहभागी सलमा खातुनले जलवायु उत्थानशील सामुदायिक विकास परियोजनामार्फत आफूहरुलाई दिएको सीपले रोजगार सिर्जना भएको भन्दै यस प्रकारको परियोजनाको निरन्तरता हुनु पर्नेमा जोड दिनुभयो । कार्यक्रममा सहभागी स्थानीय सरकार प्रमुखहरुले जलवायु उत्थानशील सामुदायिक विकास परियोजनाले अपाङ्गता भएका व्यक्तिहरुको जिवनमा सकारात्मक परिवर्तन ल्याउनुको साथै स्थानीय सरकारलाई समेत धेरै कुरा सिकाएको कारण अपाङ्गता भएका व्यक्तिको हितमा स्थानीय सरकारले आउने दिनमा विभिन्न किसिमका कामकाज गर्न लागेको बताउनुभयो । जनकपुरधाम उपमहानगरपालिका नगर उपप्रमुख किशोरी साहले जनकपुरधाम उपमहानगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको सातसय कार्ड जारी गरी उनीहरुको लागि कार्यक्रम सञ्चालन गर्ने बताउनुभयो । मिथिला विहारी नगरपालिकाका नगर प्रमुख राजेन्द्रप्रसाद यादवले आफनो पालिकामा अपाङ्गता भएका व्यक्तिहरुका लागि आठ लाखको सामग्री वितरण गरेको बताउनभयो। लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरको अध्यक्षतामा भएको सो कार्यक्रममा औरही गाउँपालिकाका अध्यक्ष उमाशंकर प्रसाद साह, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका मधेश प्रदेश अध्यक्ष किरण पासवानसहितका विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता रहेको थियो ।




# जलेश्वर कारागारबाट भागेका कैदीमध्ये २३३ जना फर्किए

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ५ असोज

गत भदौ २४ गते जेनजीद्वारा गरिएको प्रदर्शनपछि उत्पन्न परिस्थितिका कारण यहाँको जिल्ला कारागार जलेश्वरबाट भागेका कैदीमध्ये २३३ जना फर्किएका छन् । कारागारबाट भागेका पाँच सय ७६ कैदीबन्दीमध्ये तीन सय ४३ जना अझै फर्किएका छैनन् ।



सङ्घीय राजधानी काठमाडौँसहित देशभरि जेनजीको प्रदर्शन चलिरहेको बेला भदौ २४ गते मङ्गलबार राति करिब ७ बजे जलेश्वर कारागारमा कैदीबन्दी भई बस्दै आएका ४० भारतीयसहित सबै पाँच सय ७६ जना कैदी फरार भएका कारागारका जेलर अशोक क्षेत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार आज बिहानसम्म दुई सय ३३ जना कैदीबन्दी फर्केर आएका छन् ।

कैदीबन्दी फरार भएको भोलिपल्टै भदौ २५ गत कारागार प्रशासनले फरार कैदीबन्दीलाई फर्किन आह्वान गरेपछि आज बिहानसम्म दुई सय ३३ जना आइसकेका जनाउँदै अझै आउने क्रम पनि जारी रहेको क्षेत्रीले बताउनुभयो । जलेश्वर कारागारबाट भागेकामध्ये १२ जना कैदीबन्दीलाई भारततर्फ जाँदै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ गरी पुनः कारागार फर्काउन मद्दत गरेका उहाँको भनाइ छ। बाँकी कैदीबन्दी आफैँ कारागारमा फर्किएका हुन् ।

जेनजीको प्रदर्शन चलिरहेको बेला भदौ २४ गते मङ्गलबार राति करिब ५०० को सङ्ख्यामा आएका प्रदर्शनकारीले आफूलाई जेनजी भन्दै कारागार कार्यालयका तीन तहका ढोका फुटाएर सबै कैदीबन्दीलाई भगाएका जेलर क्षेत्रीले जानकारी दिनुभयो ।

जेनजीको प्रदर्शनको आडमा जलेश्वर कारागारबाट भागेका र अझै पनि नआएका तीन सय ४३ कैदी बन्दीलाई जिल्लाको तीनै तहका सुरक्षाकर्मी परिचालन गरी खोजीकार्य गरिरहेको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले बताउनुभयो ।





## आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।


- नेपालका हिमशृखंला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरुको भ्रमण गरौं,
- जात्रा, नाचगान, भेषभूषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,
- पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,
- ग्रामिण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सदभावमा ध्यान दिऔं,
- स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,
- आन्तरिक पर्यटन मार्फत रोजगारी सिर्जना गरौं ।

**पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।**



नेपाल सरकार
**विज्ञापन बोर्ड**

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
www.jaleshwortoday.com
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# फागुन २१ मै चुनाव हुनुपर्छ

जीवनको उज्यालो किरण खोजिरहेका भर्खरका युवाले सरकारसँग अधिकार मागेको थियो । 'जेन-जी' अर्थात् कलिला युवा जो २८ वर्षदेखि मुनिको रहेको छ । यो आधुनिक अनि प्रविधिले सजिएको दुनियाँमा पाइला टेकेका उनीहरूले यो धरतीमा सम्मानपूर्वक बाँच्न पाउने अधिकारको ग्यारेन्टी खोजेको थियो । जीवनभरि राजनीति, सत्ता अनि शक्तिकै वरिपरि घुमिरहने नेताहरूको अवकाश चाहेका थिए अनि आफूजस्तै नयाँ युवाबाट सरकार अनि सत्ताको नेतृत्व चाहेको थियो । अधिकार अनि अवसर र राज्यका सेवा सुविधालाई बराबरी बाँडफाँट चाहिरहेको अनि इन्टरनेटको दुनियाँमा रमाइरहेको यो पुस्तालाई आखिर सडकमा निस्किन कसले बाध्य बनायो ? इन्टरनेटको यो क्रान्ति साँच्चिकै कति भयावह अनि कति शक्तिशाली हुनेरहेछ ? यो आजको नेतृत्वले राम्रोसँग चाल पायो होला ।

परिणाम नेपालमा २४ घण्टामै दुई शक्तिशाली राजनीतिक दलले नेतृत्व गरेको सरकार ढल्यो । ७५ जीवन ढले । हजारौं मानिस घाइते भएका थिए । अर्बौंको धनमालको क्षति भयो । हजारौंको रोजगारी गुम्यो । भोलि देशको आर्थिक अवस्था कस्तो होला ? यो भन्न सकिने अवस्था छैन यो सब विध्वंस, हानिनोक्सानीले मात्रै हाम्रो राजनीतिक नेतृत्वलाई एउटा विकल्प छोडेको छ, सच्चिने नत्र सक्किने । यसभन्दा अर्को कुनै उपाय छैन । आफ्नो पुस्ताको अधिकार माग्दै आगामी पुस्ताका लागिसमेत राज्यमा एउटा बलियो थिति बसाउन खोजिरहेका कैयौं युवाले बलिदान दिएको छ । त्यस अलावा अब गर्नुपर्ने धेरै काम छन् । तर, अहिले र तत्काल गर्नैपर्ने काम हो, फागुन २१ मै चुनाव । अहिले हामी सबैको एउटै अर्जुनदृष्टि हुनुपर्छ, चुनाव, चुनाव र चुनाव ।

# पर्सा जिल्लामा हैजा संक्रमित बिरामीहरुको संख्या फेरि बढ्न थाले

**जलेश्वरटुडे समाचारदाता**
**बिरगंज, ५ असोज**



पर्सा जिल्लामा हैजा संक्रमित बिरामीहरुको संख्या फेरि बढ्न थालेको छ । शनिबार एकै दिन जिल्लामा करिब २७ जनामा झाडापखाला तथा शंकास्पद हैजाको संक्रमण देखिएको छ ।

जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार एक महिनाअघि जिल्लामा महामारीका रूपमा फैलिएको हैजा संक्रमण घट्दै गएको थियो । तर शनिबारदेखि फेरि अस्पताल भर्ना हुनेको दर बढेको पाइएको हो । कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार वीरगञ्ज महानगर र पोखरिया नगरपालिकामा गरी २७ जना नयाँ बिरामी भेटिएका छन् । जसमध्ये ४ जनामा हैजा पुष्टि भइसकेको उनले बताए । बितेको एक महिनामा पर्सामा १ हजार ४ सय ५१ जना झाडापखाला तथा शंकास्पद हैजाका बिरामीहरू अस्पताल भर्ना भएका थिए, जसमध्ये १ हजार ४ सय २१ जना निको भएर घर फर्किएका कार्यालयले जनाएको छ । ३० जना भने अझै पनि विभिन्न अस्पतालमा उपचाररत छन् ।

यसैगरी यही अवधिमा पर्सामा कुल २३७ जनामा हैजा संक्रमण पुष्टि भएको थियो, जसमध्ये २३३ जना निको भएका थिए भने चार जना भने उपचाररत रहेका कार्यालयले जनाएको छ ।

आइतबार पनि नयाँ केस देखिएपछि त्यसको विवरण संकलनको काम भइरहेको कार्यालयले जनाएको छ । खानेपानी प्रयोगमा सावधानी नअपनाउँदा हैजाको संक्रमण देखिन थालेको नारायणी अस्पतालका प्रवक्ता उदयनारायण सिंहले बताएका छन् । उनका अनुसार सुरुमा सबैले सतर्कता अपनाएका थिए, तर संख्या घट्न थालेपछि भने लावरवाही गरे । जसकारण हैजा संक्रमण पुनः देखिएको उनको भनाइ छ । भदौ ६ गते वीरगञ्ज-१२ मुरलीमा पहिलोपटक संक्रमण देखिएको थियो । पानीको हाहाकार भएपछि सरकारले वितरण गरेको र डीप बोरिङको पानीका कारण हैजा फैलिएको चिकित्सकहरूले बताउँदै आइरहेका छन् । तर सरकारी निकायले भने अहिलेसम्म कहाँबाट हैजा फैलियो भन्ने पत्ता लगाउन सकेको छैन ।




# ठूलो परिमाणमा लागू औषध गाँजा बरामद



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, ५ असोज**

रौतहट स्थित प्रहरी गस्ती टोलीले काउली बोकेको पिक अप भ्यानमा लुकाई छिपाई भारत तर्फ लैजाँदै गरेको ठूलो परिमाणमा लागू औषध गाँजा बरामद गरेको छ ।

भारतीय सिमानासँग जोडिएको ईशनाथ नगरपालिका-८ मोतीपुर हुँदै सिमानातर्फ जाँदै गरेको पिकअप भ्यान प्रदेश ३-०१-०२२ च १८६१ बाट ३३४ केजी गाँजा बरामद गरिएको हो। प्रहरी चौकी रामपुरका प्रमुख असई अमोद साफीको नेतृत्वमा खटिएको प्रहरी गस्ती टोलीले राति करिब ८ बजे चेकजाँच गर्ने क्रममा गाँजा फेला परेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी राजु कार्कीले बताएका छन् । मोतीपुरबाट जटहरातर्फ गइरहेको उक्त पिकअप गाडीमा माथिल्लो भागमा करिब २० पोका काउली लोड गरिएको थियो। तर तलको भाग चेक गर्दा २६ पोका गाँजा भेटिएको प्रहरीले जनाएको छ । गाडी चालक भने प्रहरी देख्नेबित्तिकै फरार भएका कारण प्रहरीले गाडीलाई नियन्त्रणमा लिएर चालकसहितका अन्य संलग्न व्यक्तिको खोजी कार्य तीव्र पारेको प्रवक्ता कार्कीले जानकारी दिएका छन् ।

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: पिछडेको साथी मिल्ने
मिथून: अनावश्यक चिन्ता
कर्कट: मनमा पछुतो आउने
सिंह: खानपानमा समस्या आउने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: आम्दानी हुने
धनु: विचार गरेर बोल्नुहोला
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: लामो यात्राको योग छ
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# नोबेल पुरस्कार पाउनुपर्ने राष्ट्रपति ट्रम्पको दाबी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ असोज



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस वर्षको शुरूमा भारत-पाकिस्तानबीच व्यापारमार्फत शान्ति कायम गरेको दाबी दोहोऱ्याउँदै आफूले 'सात युद्ध अन्त्य' गराएको र त्यसका लागि नोबेल पुरस्कार पाउनुपर्ने बताएका छन्।

"हामीले शान्ति सम्झौता गरिरहेका छौँ, युद्धहरू रोकिरहेका छौँ। भारत र पाकिस्तान, थाइल्यान्ड र कम्बोडियाबीचका युद्धहरू पनि रोकेका छौँ", शनिबार अमेरिकन कर्नरस्टोन इन्स्टिच्युटको संस्थापकहरूको रात्रिभोजमा बोल्दै ट्रम्पले भने, "भारत र पाकिस्तानलाई व्यापारमार्फत रोकेँ। उनीहरू व्यापार गर्न चाहन्थे। दुवै नेतालाई म सम्मान गर्छु। तर हामीले रोकिएका युद्धहरूको सूची हेर्नुस्।" ट्रम्पले आर्मेनिया-अजरबैजान, कोसोभो-सर्बिया, इजरायल-इरान, इजिप्ट-इथियोपिया, रुवान्डा-कङ्गोबीचका द्वन्द्व पनि आफूले रोकाएको दाबी गरे। उनले भने, "यी सबै युद्ध, ६० प्रतिशत व्यापारकै कारण रोकिएका हुन्।"

भारतबारे उनले भने, "मैले भनेँ, 'यदि तपाईं आणविक हतियारसहित युद्ध गर्न चाहनुहुन्छ भने, कुनै व्यापार हुँदैन।' उनीहरू रोकिए।" रुस-युक्रेन युद्धबारे पनि उनले आफूलाई नोबेल पुरस्कार दिलाउने दाबी गरे। "मैले सात युद्ध रोकेको छु। अब बाँकी एक ठूलो युद्ध छ। यदि मैले यो पनि रोकेँ भने नोबेल पाउनैपर्छ", उनले भने। ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको व्यक्तिगत सम्बन्धका कारण रुस-युक्रेन द्वन्द्व समाधान सजिलो हुने सोचे पनि अपेक्षा विपरीत भएको बताए। उनले भने, "पुटिनसँग मेरो राम्रो सम्बन्ध छ। सुरुमा सजिलो लाग्यो तर निराश भएँ। तर हामी कुनै न कुनै तरिकाले यसलाई पूरा गर्छौं।"

# मलयालम सुपरस्टार मोहनलाललाई दादासाहेब फाल्के पुरस्कार प्रदान गरिने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ असोज



दक्षिण भारतीय (मलयालम) अभिनेता सुपरस्टार मोहनलाललाई सन् २०२३ को प्रतिष्ठित 'दादासाहेब फाल्के' पुरस्कारले सम्मानित गरिने घोषणा गरिएको छ। भारतीय सिनेमा जगतको सर्वोच्च सम्मान मानिने यो पुरस्कार २०२५ सेप्टेम्बर २३ मा आयोजना हुने ७१ औँ राष्ट्रिय चलचित्र पुरस्कार समारोहमा प्रदान गरिनेछ।

भारतको सूचना तथा प्रसारण मन्त्रालयले एक्समार्फत एक पोस्ट सेयर गर्दै यसको पुष्टि गरेको हो। मन्त्रालयले आफ्नो पोस्टमा लेखेको छ, 'मोहनलालको सिनेमा यात्राले पुस्ताहरूलाई प्रेरित गर्छ। यस महान् अभिनेता, निर्देशक र निर्मातालाई भारतीय सिनेमामा उहाँको अतुलनीय योगदानका लागि सम्मानित गरिँदै छ।' प्रधानमन्त्री नरेन्द्र मोदीले साउथ सुपरस्टार मोहनलाललाई बधाई दिँदै लेखेका छन्, 'मोहनलाल बहुमुखी प्रतिभाका प्रतीक हुनुहुन्छ।

दशकौँदेखि उहाँ मलयालम सिनेमा र रंगमञ्चका एक प्रकाशस्तम्भ रहनुभएको छ र केरलको संस्कृतिप्रति उहाँमा गहिरो लगाव छ। उहाँले तेलुगु, तमिल, कन्नड र हिन्दी चलचित्रहरूमा पनि उत्कृष्ट काम गर्नुभएको छ। उहाँको यात्रा प्रेरणादायी रहेको छ र उहाँका उपलब्धिहरूले आगामी पुस्ताहरूलाई पनि प्रेरित गरिरहनेछन्।' सन् १९६० मा जन्मेका मोहनलाल एक भारतीय अभिनेता र चलचित्र निर्माता हुन्, जो मुख्यतया मलयालम सिनेमामा काम गर्छन्।

साथै उनले तमिल, हिन्दी, तेलुगु र कन्नड चलचित्रहरूमा पनि अभिनय गरेका छन्। चार दशकभन्दा लामो शानदार करिअरमा उनले ४ सयभन्दा बढी चलचित्रहरूमा अभिनय गरिसकेका छन्।

# राष्ट्र बैंकले ७० अर्ब निक्षेप खिच्दै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ असोज




बजारमा अधिक तरलता कायमै रहेपछि नेपाल राष्ट्र बैंकले आज (आइतबार) ७० अर्ब रुपैयाँ निक्षेप खिच्ने भएको छ। केन्द्रीय बैंकले निक्षेप संकलन उपकरण बोलकबोल मार्फत तरलता व्यवस्थापन गर्न लागेको हो।

अहिले वित्तीय प्रणालीमा कुल निक्षेप ७२ खर्बभन्दा बढी पुगेको छ। राष्ट्र बैंकले वित्तीय प्रणालीको अधिक तरलता र ब्याजदर नियन्त्रणका लागि निक्षेप संकलन उपकरण र स्थायी निक्षेप सुविधा जस्ता उपकरणहरू प्रयोग गर्दै आएको छ। यो बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरू मात्र सहभागी हुन पाउनेछन्। दीर्घकालीन निक्षेप संकलन रकमको बाँडफाँट बोल गरिएको ब्याजदरअनुसार सबैभन्दा कम दर बोल गर्नेलाई प्राथमिकता दिई क्रमश: वितरण गरिनेछ। बोलकबोल अनलाइन खरिद प्रणालीमार्फत हुनेछ र यसको ब्याजदर बोलकबोलबाटै निर्धारण गरिनेछ।

आज बोलकबोल हुने निक्षेप संकलन उपकरणको सावाँ र ब्याज २०८२ असोज १२ गते भुक्तानी हुने राष्ट्र बैंकले जानकारी दिएको छ। बोल गर्न सकिने न्यूनतम रकम १० करोड रुपैयाँ र अधिकतम ५ करोड रुपैयाँले नि:शेष भाग जाने गरी कुल आह्वान रकमसम्म हुनेछ। केन्द्रीय बैंकको खुला बजार कारोबारसम्बन्धी कार्यविधि अनुसार, वित्तीय बजारमा दीर्घकालीन प्रकृतिको अधिक तरलता भएमा त्यसलाई व्यवस्थापन गर्न कारोबार सञ्चालन समितिले आवश्यकता अनुसार बढीमा ६ महिना अवधिको दीर्घकालीन निक्षेप संकलन उपकरण प्रयोग गर्न सक्छ।

# नेपालसँगको शृंखला : बलिङ सुदृढ बनाउने योजनामा वेस्ट इन्डिज

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ असोज



वेस्ट इन्डिज क्रिकेट टोलीले आगामी टी-२० विश्वकप लक्षित गर्दै बलिङ विभागलाई मजबुत बनाउन नेपालसँगको शृंखलामा पाँच नयाँ खेलाडी समावेश गरेको छ। मुख्य खेलाडीहरू गुडाकेश मोटी, रोभमन पावेल, शेर्फान रदरफोर्ड र रोमारियो शेफर्डलाई 'वर्कलोड म्यानेजमेन्ट'का लागि विश्राम दिइएको छ।

पूर्व बलरहरूबाट बनेको सपोर्ट स्टाफले टोलीलाई शारजाह यात्रा र प्रशिक्षणमा सहयोग गर्नेछ र नयाँ प्रतिभा खोजीमा ब्रेकआउट लिग र सीपीएललाई प्राथमिकता दिइएको छ। ५ असोज, काठमाडौं। वेस्ट इन्डिज क्रिकेट टोलीले आगामी वर्ष भारत र श्रीलंकामा हुने टी-२० विश्वकपलाई लक्षित गर्दै आफ्नो बलिङ विभागलाई थप मजबुत बनाउन कदम चालेको छ। त्यसै रणनीतिको हिस्सा स्वरुप वेस्ट इन्डिजले यसै महिनाको अन्त्यमा नेपालसँग हुने टी-२० अन्तर्राष्ट्रिय शृंखलामा नयाँ खेलाडीहरूलाई अवसर दिएको छ। नेपालसँगको शृंखलाका लागि वेस्ट इन्डिजले पाँच जना नयाँ अनुहारलाई टोलीमा समावेश गरेको छ। जसमा लेगस्पिनर जिशान मोटारा, बायाँ हातका तीव्र बलर रामोन सिमोन्ड्स, लेगस्पिन अलराउन्डर नविन बिडाइसीसहित ब्याट्सम्यान एकिम अगस्टे र करिमा गोरे रहेका छन्। गोरे सन् २०२१ सम्म अमेरिकी टोलीबाट अन्तर्राष्ट्रिय क्रिकेट खेलिसकेका तर वेस्ट इन्डिजबाट भने अझै डेब्यू गर्न बाँकी छ।







# परजीवी समूहले बनायो आन्दोलनलाई विध्वंस

- जेन-जी (जेन-जेड) पुस्ताको नाममा भएको आन्दोलन नेपालमा अहिलेसम्म भएका आन्दोलनमध्ये सबभन्दा विनाशक सावित भयो । सिंहदरबार, शीतल निवास र सर्वोच्च अदालत जस्ता ऐतिहासिक महत्त्वका भवनहरू आन्दोलनको तारो बने । राजनीतिको नेतृत्व तहमा बसेका व्यक्तित्वहरूको हुर्मत लिने काम भयो ।

आन्दोलन सुरक्षा नियन्त्रणको घेराबाट बाहिरियो । देशका प्रायः सबै सहर बजारमा फैलिएको यो आन्दोलनको तापले जनजीवन अस्तव्यस्त र आतंकित भयो । जेन-जी आन्दोलनको आवरणमा लुकेका विभिन्न समूह लोकतान्त्रिक व्यवस्थालाई पंगु बनाउन उद्यत भए । जनतासँग बाझ्ेर, जिस्केर, हाँसेर, रिसाएर नेपाली नागरिकको सुरक्षा व्यवस्थामा निरन्तर जुट्ने प्रहरी जवानहरू निरीह भावले विनाशका ती घटनालाई टुलुटुलु हेर्न बाध्य भए । उनीहरूसँग रहेका आन्दोलनको प्रतिकार गर्ने हतियार चुस्त थिएनन् । आन्दोलनका नाममा राष्ट्रका धरोहर मानिने ऐतिहासिक भवनसँगै त्यहाँ रहेका देशका महत्त्वपूर्ण कागजपत्रहरू जलिरहे । रहस्यमय ढंगले गोली चलिरहे । जनताका छोरा-छोरी मरिरहे । गोली कसले चलाएको थियो ? प्रहरीसँग त्यति घातक हतियार नै थिएन । राष्ट्रिय सुरक्षाका लागि लड्ने हाम्रो 'गौरवशाली' सेनाका जवानलाई 'हेडक्वार्टर' को आन्दोलनमा हस्तक्षेप गर्ने आदेश नै थिएन । सैनिक जवानहरू घटनास्थलमा तमासेका रूपमा मात्र देखिएका थिए ।

अनि, विध्वंसले सबै सम्पदा खरानी पारिसकेपछि, नेपाली सेनाका प्रमुख 'देशलाई संकटबाट बचाउन' राष्ट्रपतिको राजीनामा माग्न ध्वस्त भइसकेको शीतल निवास पुगे । नेपाली सेनाका परमाधिपतिका रूपमा रहेका राष्ट्रपतिसँग राजीनामा माग्ने हैसियत हुँदैन सेनापतिको । तर, चरम संकटको त्यो अवस्थामा सेनापतिको दबाबमा राष्ट्रपति राजीनामा दिन तयार हुने सोच नै गलत थियो । लोकतान्त्रिक आन्दोलनको रापतापले खारिएका, नेपाली राजनीतिका नैतिक र निष्ठावान् व्यक्तित्व राष्ट्रपतिले सेनाले 'सम्मानपूर्वक' दिएको आदेश मान्ने कुरै थिएन । त्यसपछि जे भयो, त्यो त खुला किताब जस्तै छ । समस्याको तत्काल समाधानका लागि प्रधानमन्त्रीका रूपमा मानव अधिकारकर्मी तथा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउन सहमत हुनुभयो, राष्ट्रपति । उहाँ प्रतिनिधिसभा विघटनको पक्षमा हुनुहुन्थेन । तर, सुशीला कार्की र सेना प्रमुखको ढिपीमा २०८२ फागुन २१ गते प्रतिनिधिसभाको ताजा चुनाव गराउने दायित्वका साथ कार्की अन्तरिम सरकारको प्रधानमन्त्री बनिन् । संकटको पहिलो चरण सकियो । संकट समाधानका लागि दोस्रो चरण सुरु भएकै छैन ।



यो तथ्य त अब स्पष्ट भइसकेको छः केही घण्टामा नै जेन-जीको आन्दोलन अराजक तत्त्वहरूले खोसेका थिए । जेन-जी आन्दोलनलाई हत्याउनेमा भ्रष्ट नेताहरू, चिनिएका ठगहरू, दलाल व्यवसायीहरू र आफूलाई समाज सुधारकका रूपमा प्रस्तुत गर्ने पाखण्डी नेताहरू, राजावादीहरू र अराजक समूह बनाएर उद्योगी, व्यवसायी, बैंक र अन्य आर्थिक प्रतिष्ठानलाई लुट्ने तत्त्व थिए । कार्की नेतृत्वको सरकारले बिनापूर्वाग्रह आन्दोलनमा भएका घटनाहरूको गम्भीर र निष्पक्ष छानबिन गराउने हो भने धेरै गम्भीर षड्यन्त्रहरूको पर्दाफास हुनेछ । ६ महिनामा संसद्को चुनाव गराउने सर्तका साथ प्रधानमन्त्री बनेकी सुशीला कार्कीले नेपालको राजनीतिक परिदृश्यमा फैलिँदै गएको अराजक तत्त्वको जालो तोड्नु त कठिन छ । तर, त्यसलाई उजागर गर्न कठिन छैन । सन् १९९७ देखि २०१२ का बीच जन्मिएको युवा जमात जेन-जीका नामले चिनिन्छ । प्रविधिको विकास सँगसँगै हुर्किएको यो पुस्ताको अधिकांश समय इन्टरनेटमा खुला तवरमा नदेखिने वास्तविक घटनाहरू केलाउनमा नै बित्दछ । यो पुस्ताको मुख्य चासो 'ग्लोबल वार्मिङ', जलवायु परिवर्तन, युद्धका प्रभाव र दुष्प्रभावहरू, मानवअधिकार, 'आइडेन्टिटी' को संकट जस्ता कुरामा रहेको हुन्छ । यी विषय स्थानीय र राष्ट्रिय महत्त्वका मात्र नभएर अन्तर्राष्ट्रिय महत्त्व र चासोका विषयका रूपमा स्थापित भइसकेका छन् । आजको दुनियाँमा एकातिर प्रविधिले सूचनामा मानिसको पहुँच सहज बनाएको छ भने अर्कोतिर प्रतिस्पर्धा पनि उत्तिकै बढाएको छ । जेन-जी पुस्ताले अहिले यही समस्याको सामना गरिरहेको छ ।

तर हाम्रो देशमा भएको विध्वंसक आन्दोलनको 'जेन-जी' भावनासँग तात्त्विक सम्बन्ध रहेको देखिँदैन । खास गरेर, हाम्रो संघीय राजधानी सहरका तन्नेरी पुस्ताहरू यो वा त्यो काम भनेर हेर्दैनन् । स्नातक तह उत्तीर्ण एउटा तन्नेरी देशमा रोजगारी नपाएपछि विदेश जाने क्रममा काठमाडौं आउँछ । भिसा नआउन्जेल ठीकठीकैको कुनै क्याफे वा रेस्टुराँमा पूरै दस घण्टा काम गर्दछ । भिसा कहिले आउँछ ? त्यसको ठेगान हुँदैन । खेल-तमासा र मनोरञ्जनमा रमाए पनि नेपालका जेन-जीहरू आफ्ना आमाबाबु र परिवारप्रति संवेदनशील रहन्छ ।

यस्तो स्वभावका नेपालका जेन-जी पुस्ताको नाममा विध्वंसक आन्दोलनको रोटी सेक्ने काम कसले गर्‍यो ? अहिलेको परिवेशमा सबभन्दा बढी केलाउनुपर्ने यो निकै महत्त्वपूर्ण र संवेदनशील पक्ष हो । विभिन्न पार्टीका नेतृत्व गर्ने नेताहरूको अतिशय ठस्सा, अहंकारी स्वभाव, जनतासँग गर्ने कपटपूर्ण व्यवहार र द्रव्यलोलुप चरित्र मात्रै यो विध्वंसक आन्दोलनको कारक हुन सक्दैन ।

साभार : कान्तिपुर ।















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday